कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३१९ | वि.सं. २०८१ | फागुन | २८ | बुधवार | नेपाल संवत्: ११४४, | फागुन शुक्ल त्रयोदशी | Wednesday | 12 | March | 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

### अन्ततः बड्डिचौर-खम्बागाडे सडकले पायो निकास

# जग्गा भोगाधिकार र रुख कटानको प्रक्रिया अघि बढ्ने

**ओम शाही**

**सुर्खेत, २७ फागुन ।**

मदन भण्डारी राजमार्ग अन्तर्गत सुर्खेतको बराहताल गाउँपालिकाको बड्डीचौरदेखि खम्बागाडे सडकको १३.१ किलोमिटरमा जग्गा भोगाधिकार र रुख कटानको बाटो खुलेको छ । साढे दुई वर्षदेखि राष्ट्रिय प्राथमिकताप्राप्त सडकलाई कर्णाली प्रदेश सरकारले आफ्नो मातहतमा ल्याएपछि सिर्जना भएको अवरोध अन्ततः हट्ने भएको हो । सोमबार बसेको संघीय मन्त्रीपरिषद् बैठकले उक्त खण्डको वातावरणीय प्रभाव मूल्यांकन (आइई) स्वीकृत गरेसँगै लामो समयदेखिको भोगाधिकार र रुख कटानको अल्झन सुल्झिने संकेत देखा परेको छ ।



राष्ट्रिय प्राथमिकता प्राप्त सडकमा हात हालेको प्रदेश सरकारले संघीय सरकारलाई जग्गा भोगाधिकारको अनुमति नपाइने छाँट देखापरेपछि पुनः मदन भण्डारी राजमार्गकै स्वामित्वमा रहने गरी प्रक्रिया अगाडि बढाइदिन अनुरोध गरेको थियो । २ पुस २०८१ मा बसेको कर्णाली प्रदेश सरकारको मन्त्रीपरिषद् बैठकले बड्डीचौर-बिउरेनी-बाबियाचौर-विद्यापुर सडक खण्ड (१३.१ किमि) लाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा समावेश गरिदिन पत्र लेखेको थियो ।

प्रदेश सरकारको अनुरोधपछि संघीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले २१ पुस २०८१ मा बड्डिचौर-खम्बागाडे सडकलाई राष्ट्रिय प्राथमिकतामा समावेश गरिदिन राष्ट्रिय योजना आयोगलाई पत्र लेखेको थियो । आयोगले संघीय वन तथा वातावरण मन्त्रालयलाई पत्र लेख्दै मदन भण्डारी लोकमार्गअन्तर्गत बड्डीचौर-बिउरेनी-बावियाचौर-विद्यापुर सडक खण्ड (१३.१ किमि) स्तरोन्नति गर्ने कार्यका लागि आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तोकेपछि आइई स्वीकृतीको प्रक्रिया अघि बढेको थियो ।

आइई स्वीकृत भएसँगै बड्डीचौर-खम्बागाडे सडक खण्डमा पर्ने जग्गा भोगाधिकार र रुख कटानका बाँकी प्रक्रिया अघि बढ्ने पूर्वाधार निर्देशनालय सुर्खेतका निमित्त निर्देशक इन्जिनियर सूर्यबहादुर शाहीले जानकारी दिए । उनका अनुसार अब वन मन्त्रालयले स्वीकृति प्रदान गरेपछि वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) बमोजिम उक्त सडक खण्डमा पर्ने रुख कटान र जग्गा प्राप्तिको प्रक्रिया अघि बढाइनेछ ।

शाहीका अनुसार बड्डीचौर-खम्बागाडे सडक स्तरोन्नतिको जिम्मा पाएको अनक जयदेवी जेभी बाँकेले वन क्षेत्र र भोगाधिकार विवाद नभएका ठाउँमा सडक चौडा पार्नेदेखि संरचना निर्माणको काम गरिहेको छ । गत

बाँकी ४ पेजमा

## पश्चिम खण्डमा धमाधम काम

मदन भण्डारी राजमार्ग आयोजना कार्यालय सुर्खेतले पश्चिम खण्डमा स्तरोन्नतिको काम दुई चरणमा अघि बढाइरहेको छ । सुर्खेतमा पहिलो चरणको काम थालिएको भेडाबारी-धुलियाविट ३५ किलोमिटर सडक खण्ड सम्पन्न हुने चरणमा छ । जसमा २५ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ ।

सुर्खेत खण्डमा मदन भण्डारीले २०७८ बाट स्तरोन्तीको काम थालेको थियो । पश्चिम खण्डमा १७ फागुन २०७९ बाट विद्यापुर-विजौरा-बल्दे सडक खण्ड निर्माण सुरु भएको थियो । अहिले तेस्रो चरणमा विद्यापुर-चतुरे-चौर र बल्दै-बेतान-लगाम खण्डको २५ किलोमिटर सडकको ठेक्का व्यवस्थापन गरेर काम थालिएको छ । विद्यापुर डाँडादेखि दुलालथाई, चतुरे चोक भएर सडक चौर खोला जोडिनेछ ।

१० किलोमिटर सडक निर्माणको जिम्मा दिवा यती बिल्डर्स ललितपुरले पाएको छ । विद्यापुर डाँडाबाट सुरु गरिएको कामको हाल नयाँ सडक कटिङ, कल्भर्ट र नाला निर्माणको कामले गति लिइरहेको मदन भण्डारी राजमार्ग आयोजना कार्यालय सुर्खेतका इन्जिनियर रेशम वली बताउँछन् ।

उनका अनुसार बल्दे-लगाम १५ किलोमिटर सडक निर्माणको जिम्मा पनि यही निर्माण कम्पनीले पाएको छ । आगामी असारसम्म विद्यापुर-चौर खोला सडकमा सब बेस बिछ्याउने लक्ष्यका साथ काम भइरहेको दिवा यती बिल्डर्सका इन्चार्ज चन्द्रबहादुर खत्री बताउँछन् । माया तालसम्म रुख कटान सकिएको र माया ताल-लगाम २८ किलोमिटर क्षेत्रको कटानको प्रक्रियामा छ । वनको सबै प्रक्रिया अन्तिम चरणमा पुगेकाले अबको केही समयमै रुख कटान सुरु गरिने इन्जिनियर वलीले बताए ।

'दोस्रो ठेक्का व्यवस्थापनपछि निर्माण व्यवसायीले सन्तोषजनक काम गरिरहेका छन्,' इन्जिनियर वलीले भन्छन्, 'यहीँ गतिमा काम भए असारसम्म ग्राभेल हुनेमा विश्वस्त छौँ ।' २५ किलोमिटर सडक निर्माणका लागि १ अर्ब ३६ करोडमा यती बिल्डर्ससँग १४ भदौ २०८१ मा सम्झौता भएको उनले बताए । पश्चिम खण्डमा सडक विस्तारका लागि अधिकांश स्थानहरूमा विवाद समाधान भइसकेको छ ।

## वैदेशिक अध्ययनमा ६४ अर्ब १५ करोड विदेशियो

**युग संवाददाता**

**काठमाडौँ, २७ फागुन ।**

चालु आर्थिक वर्षको सात महिनामा उच्च शिक्षाका लागि विदेशी मुलुक जानेहरुले ठूलो धनराशी विदेश लगेका छन् । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरण अनुसार शिक्षातर्फको व्यय रु ६४ अर्ब १५ करोड बराबर पुगेको छ ।

सेवा खाताअन्तर्गत भ्रमण व्यय १० दशमलव छ प्रतिशतले वृद्धि भई रु एक खर्ब १५ अर्ब ८८ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय रु ६४ अर्ब १५ करोड रहेको हो । बैंकका अनुसार अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु एक खर्ब चार अर्ब ७५ करोड रहेकामा शिक्षातर्फको व्यय रु ६६ अर्ब ६४ करोड थियो ।

सो अवधिमा खुद सेवा आय रु ५० अर्ब २२ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु ३६ अर्ब ३८ करोडले घाटामा थियो । सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय सात दशमलव सात प्रतिशतले वृद्धि भई रु ४९ अर्ब २१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु ४५ अर्ब ६८ करोड रहेको थियो ।

## 'मेरो विद्यालय, मेरो दायित्व' अभियान प्रभावकारी

**सरला सुवेदी**

**बाँके, २७ फागुन ।**

लुम्बिनी प्रदेश सरकारले सञ्चालन गरेको 'मेरो विद्यालय, मेरो दायित्व' अभियानले प्रभावकारी नतिजा दिन थालेको छ । सामुदायिक विद्यालयको सुधार र शैक्षिक गुणस्तर अभिवृद्धिको उद्देश्यले थालिएको यो अभियानले पूर्व विद्यार्थीहरूलाई आफ्नो विद्यालयमा योगदान दिन प्रेरित गरिरहेको छ ।

सामाजिक विकास मन्त्रालयका अनुसार, हालसम्म करिब एक करोड रुपैयाँ बराबरको स्रोत संकलन भइसकेको छ भने ७,५०० भन्दा बढी पूर्व विद्यार्थीहरू अभियानमा संलग्न भइसकेका छन् । गत फागुन ९ गते मुख्यमन्त्री चेतनारायण आचार्य द्वारा शुभारम्भ गरिएको यो अभियानले पूर्व विद्यार्थीहरूलाई आफ्नै विद्यालयमा फर्केर ज्ञान, सीप हस्तान्तरण गर्न तथा स्रोत अभिवृद्धि गर्न प्रोत्साहित गरेको छ । १७ वटा विद्यालयबाट एकैसाथ सुरु गरिएको यो अभियान अहिले अन्य विद्यालयमा पनि विस्तार भइरहेको छ ।

मुख्यमन्त्री आचार्यका अनुसार, "सामुदायिक विद्यालयप्रति विश्वास बढाउनु अभियानको मुख्य लक्ष्य हो । पूर्व विद्यार्थीहरू आफैंले कखरा चिनेको विद्यालयमा पुगेर योगदान दिन थालेका छन्, जसले उनीहरूलाई विद्यालयप्रति अझ जवाफदेही बनाएको छ ।"

सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिना ले अभियानले विद्यालयको अनावश्यक खर्च कटौती गर्दै शैक्षिक गुणस्तर सुधार गर्ने महत्वपूर्ण पहल गरेको बताए । "विद्यालयका वार्षिकोत्सवमा फजुल खर्च गर्ने प्रवृत्तिलाई रोक्दै गुणस्तरीय शिक्षामा लगानी गर्ने संस्कार विकास गर्नु आवश्यक छ" उनले भने ।

सामाजिक विकास मन्त्रालयका उपसचिव विष्णुप्रसाद पन्थीका अनुसार, यो अभियान पूर्व विद्यार्थीहरूलाई विद्यालयमा आकर्षित गर्न सफल भएको छ । हाल लुम्बिनी प्रदेशमा ६,३४० विद्यालयमध्ये ४,५३१ सामुदायिक विद्यालय छन्, जसमा ९,२५,६२९ विद्यार्थी अध्ययनरत छन् । सरकारले यो अभियानलाई अझ प्रभावकारी बनाउन निरन्तर लागिरहेको बताएको छ । पूर्व विद्यार्थीहरूको सक्रिय सहभागिता र सहयोगले सामुदायिक विद्यालय सुधारको नयाँ सम्भावना खुला गरेको देखिन्छ ।

## राजेन्द्र लिङ्गदेनले यसरी सम्झिए गणतन्त्र

**युग संवाददाता**

**सुर्खेत, २७ फागुन ।**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्गदेन मंगलबार कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगर पुगे । पार्टीले देशव्यापीरुपमा सुरु गरेको बृहत खबरदारीसभालाई सम्बोधन गर्न अध्यक्ष लिङ्गदेन वीरेन्द्रनगर पुगेका थिए ।

वीरेन्द्रनगर नगरपालिका-६ स्थित पिपल चौतारामा आयोजित खबरदारीसभामा सहभागी हुन् विहानैदेखि बजार क्षेत्रमा राप्रपा समर्थकहरुको चहलपहल बाक्लो देखिन्थ्यो । खबरदारीसभामा सहभागी हुन जिल्ला बाहिरबाटसमेत समर्थकहरु वीरेन्द्रनगर आएका थिए । अध्यक्ष लिङ्गदेनलाई खबरदारीस्थलमा असामान्य भिडले पर्खिरहेको थियो ।

ढिला गरी सुरु भएको कार्यक्रमलाई लिङ्गदेनले उत्साहपूर्वक सम्बोधन गरे । सम्बोधनका क्रममा अध्यक्ष लिङ्गदेनले गणतन्त्र स्थापना भए यताका दिन सम्झिए । उनले सम्बोधनको अन्तिमसम्म पनि गणतन्त्रले देश डुबाएको स्मरण

बाँकी ३ पेजमा

## साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित लिङ्क वा मेल नखोलौं,
- चिठ्ठा पर्यो भनि आएको मेल/लिङ्कहरूको विश्वासमा नपरौं,
- विभिन्न उपहार पठाउन रकम माग गरे विश्वास नगरौं,
- आफ्नो फोटो, भिडियो तथा व्यक्तिगत जानकारी जो कोहीसँग सेयर नगरौं,
- आकर्षक रोजगारी पाउने प्रलोभनमा रकम नपठाऔं,
- चिनजानकै व्यक्तिबाट मेसेजमा रकम माग गरेमा ह्याक भएको हुनसक्छ, त्यस्तो अवस्थामा रकम नपठाऔं,
- सार्वजनिक स्थानमा उपलब्ध फ्रि वाइफाइमा बैङ्किक कारोबार वा संवेदनशील जानकारी आदानप्रदान नगरौं ।
- शंका लागेमा नजिकको प्रहरी वा साइबर व्युरोमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २000/- | रु. १८00/- |
| भित्री पृष्ठ | रु. १५00/- | रु. १२00/- |
| अन्तिम पृष्ठ | रु. १७00/- | रु. १५00/- |

### वर्गीकृत

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५00/- | रु. १५00/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७0/- |

ज्याकेट १ पेज रु. ८,00,000/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

विश्वभरी एकै पटक इ-पेपरका लागि

www.yugnews.com

facebook
https://www.facebook.com/yugnews

यहाँ स्क्यान गर्नुहोस् ।

Job Karnali
Find Your Dream Job
Jobkarnali.com

Tender Karnali
Tenderkarnali.com

ebazar
ebazar.com

GET IT ON Google Play

yugnews.com

## सम्पादकीय....

# पुनर्निर्माणले गति लिने आश

भूकम्प गएको झण्डै १६ महिनापछि भूकम्पीय पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना कार्यान्वयन इकाई कार्यालय स्थापना भएको छ । राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, तीनै तहका सरकार र जिल्ला विपद् व्यवस्थापन समितिबीच प्रभावकारी समन्वय गरी पुनर्निर्माणलाई गति दिन कार्यालय स्थापना गरिएको सरकारको दावी छ । इकाई कार्यालयले जाजरकोट भूकम्पबाट प्रभावित तीन जिल्ला जाजरकोट, रुकुमपश्चिम र सल्यानमा पुनर्निर्माणका सम्पूर्ण कामहरु हेर्नेछ । भूकम्पपछिको खोज, उद्दार र राहतमा वितरणमा सक्रियता देखाएको सरकारले त्यसयता अस्थायी आवास, पुनर्निर्माण कार्यविधि निर्माण गरेका ढिलाईले पीडितले निकै सास्ती व्यहोर्नु परेको अवस्था छ । संघीय सरकारले केही महिना यता देखाएको सक्रियताले भूकम्पपछिको पुनर्स्थापना र पुनर्निर्माणले गति लिने आशा जगाएको छ । गत बर्ष जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको ६.४ म्याग्निच्युडको भूकम्पका कारण क्षति पुगेका जाजरकोटका ४८ हजार पाँच सय १६, रुकुम पश्चिममा ३४ हजार नौ सय ९७ र सल्यानमा चार हजार चार सय सात घरमा कुनै न कुनै प्रकारको पुनर्निर्माण गर्नुपर्नेछ ।

जिल्ला प्रशासन कार्यालयहरूको तथ्यांकअनुसार झण्डै चार सय विद्यालय, ५० स्वास्थ्यचौकी, २० प्रहरीचौकी र विभिन्न २३ सरकारी कार्यालयका भवन पनि पुनर्निर्माण गर्नुपर्नेछ । भूकम्प प्रभावित जिल्लामा पुनर्निर्माण र पुनर्स्थापनाको कार्य प्राथमिकता र स्रोतको उपलब्धताका आधारमा बिलम्ब नगरी क्षतिको विस्तृत यथार्थ मूल्याङ्कन गरी दोहोरोपन नहुने गरी पुनर्निर्माण शुभारम्भ गर्नु अबको आवश्यकता हो । एक सय ५४ जनाको ज्यान लिने गरी गएको भूकम्पको त्रास जाजरकोट र रुकुम पश्चिमका नागरिक अझै पनि बिर्सन सकेका छैनन् । भूकम्प गएको लामो समयसम्म पनि पुनर्निर्माणको प्रक्रिया अघि नबढ्दा पीडितहरु अझै पनि अस्थायी टहरामा कष्टकर जीवनयापन गर्न बाध्य छन् । यसको मारमा महिला, बालबालिका, जेष्ठ नागरिक, दिर्घरोगी, अपाङ्गता भएका व्यक्ति, सुत्केरी तथा आर्थिक रुपमा विपन्न वर्गका नागरिकहरु परेका छन् । यति मात्रै होइन भूकम्प गएको १६ महिनासम्म पनि सरकारले उपब्ध गराउने अस्थायी आवास निर्माणवापतको दोस्रो किस्ताको रकमसमेत कतिपय पीडितहरुले पाउन नसकेको गुनासो गरिरहेका छन् ।

जे होस् हिजोका दिनसम्म जे जति भए तिनलाई सकारात्मक नै मानौं । तर, अब कुनै पनि बहानामा भूकम्प पीडितहरु थप पीडित हुनु हुँदैन । विपद्ले थिलो थिलो भएकाहरुको घाउमा मलम लगाउन तीनै तहका सरकारहरुले आपसी सहयोग र सहकार्यका माध्ययमबाट पीडितले महशुस हुने गरी कार्य प्रारम्भ गर्न आवश्यक छ । ढिलै गरी सुरु भएको पुनर्निर्माण तथा पुनर्स्थापनाको काम आगामी दिनमा प्रभावकारी ढङ्गले अगाडि बढाइनु पर्दछ । यसमा तीनै तहका सरकारको एकआपसमा समन्वय र सहकार्यको खाँचो छ । योसँगै विकास साझेदारहरुलाई पनि सँगै लैजानु पर्ने हुन्छ । भूकम्पबाट पाठ सिक्दै प्रभावित क्षेत्रमा भूकम्प प्रतिरोधि घर निर्माणसँगै हरेक प्राकृतिक विपद्मा सरकारी उपस्थिती बलियो बनाउन राज्यले बिलम्ब गर्नु हुँदैन । अर्कोतर्फ पहुँचका आधारमा नक्कली लाभाग्राही समेटिने तर वास्तविक पीडित छुट्ने अवस्थाको अन्त्य गर्न सरोकारवालाहरुले ध्यान दिन आवश्यक छ । भूकम्पबाट थिलो भएका क्षेत्रका नागरिकको पीडामा मलहम लगाउने गरी पुनर्निर्माणको प्रक्रिया अगाडी बढाउन बिलम्ब नहोस् ।

## विश्व

# ट्रम्पसँगै रहेर राजनीति गर्न थालेपछि मस्कलाई भारी आर्थिक नोक्सानी

**सियोल, २६ फागुन ।** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग निकट रहेर राजनीतिमा होमिएका इलन मस्कको 'टेस्ला' कम्पनीलाई उनको राजनीतिक सहभागिताका कारण आर्थिक नोक्सानी हुन थालेको छ ।

विश्वभरि टेस्लाको बिक्री घट्न थालेपछि टेस्ला कम्पनीको सेयरको भाउ सोमबार एकैदिनमा १५ प्रतिशतले घटेको छ ।

यो सन् २०२० को सेप्टेम्बरपछि टेस्लाको सेयरमा एकैदिन भएको सबभन्दा ठूलो गिरावट हो भनेर ब्लुमबर्गले लेखेको छ । टेस्लाको सेयर २०२५ मा ४५ प्रतिशतले झरेको छ । जनवरीपछि मस्कको व्यक्तिगत सम्पत्ति पनि १ खर्ब ३० अर्ब डलरभन्दा बढीले घटेको छ । गत नोभेम्बरमा ट्रम्पले चुनाव जितेपछि टेस्लाको सेयर र मस्कको व्यक्तिगत सम्पत्ति दुवै ह्वात्त बढेको थियो ।

तर ट्रम्पले कार्यभार सम्हालेपछि अमेरिकाको संघीय सरकारको शासकीय संरचनामा धावा बोलेका छन् । त्यस्तै युरोपेली देशहरूको आन्तरिक राजनीतिमा हस्तक्षेप गर्दै ट्रम्पजस्तै उग्र दक्षिणपन्थी विचारधारा भएका पार्टीलाई समर्थन गरेका छन् । त्यसै कारणले ट्रम्पको विजयपछि प्राप्त सबै लाभ गुमेको छ ।

टेस्ला कम्पनीको सबभन्दा महत्त्वपूर्ण मोडलको नयाँ डिजाइन निकाल्ने क्रममा आएका समस्याका कारण पनि टेस्लाको बिक्री घटेको मानिन्छ । तर यसको प्रमुख कारण उनले विपक्षीहरूलाई गालीगलौज गर्दै गरेको उग्र दक्षिणपन्थी राजनीति भएको विश्लेषकहरूको दाबी छ ।

अमेरिकामा उदारवादीहरूले टेस्लाको विरूद्ध अभियान नै चलाएका छन् ।

दुई दलीय व्यवस्था भएको अमेरिकामा करिब आधाजसो जनता उदारवादी डेमोक्र्याटिक पार्टीका समर्थक छन् । त्यसमाथि पनि डेमोक्र्याटिक मतदाता मौसम परिवर्तन रोक्न विद्युतीय गाडी किन्ने गर्छन् । ट्रम्पका धेरैजसो मतदाता मौसम परिवर्तनको विज्ञानमै विश्वास गर्दैनन् र त्यसलाई ठगी भन्छन् । त्यसैले उनीहरू निर्धक्क डिजेल-पेट्रोलले चल्ने गाडी प्रयोग गर्छन् । यस्तोमा टेस्लाका प्रमुख उदारवादी ग्राहकहरूविरूद्ध आफ्नो सामाजिक सञ्जाल एक्समा गालीगलौजमात्रै गरेकाले उनीहरूले टेस्लाको बहिस्कार गर्न थालेका छन् ।

उनको राजनीतिक सहभागिताको जर्मनीमा झन् ठूलो असर परेको छ । फेब्रुअरी २३ को आमनिर्वाचनअघि मस्कले उग्र दक्षिणपन्थी अल्टरनेटिभ फर जर्मनीलाई समर्थन गरेपछि जनवरी र फेब्रुअरी महिनामा टेस्ला गाडीको दर्ता ७० प्रतिशतले घटेको छ ।

ट्रम्पले युरोपको सुरक्षालाई नै खतरा पर्नेगरी युक्रेनसँगको युद्धमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको निकटताका कारण रूसलाई सहयोग हुने खालका कदम चालेपछि युरोपका अरू देशमा पनि ट्रम्पको लोकप्रियता घटेको छ । ट्रम्पको सबै कदमको समर्थन गर्ने र अझ अमेरिकाले नेटो छोड्नु पर्ने जस्तो उग्र अभिव्यक्ति दिएका कारण युरोपका अरू देशमा पनि टेस्लाको बिक्री घटेको मानिन्छ ।

त्यस्तै, विद्युतीय गाडीको सबभन्दा ठूलो बजार चीनमा टेस्लाभन्दा धेरै सस्ता बिवाइडी लगायत चिनियाँ कम्पनीको बिक्री व्यापक रूपमा बढेपछि त्यहाँ पनि टेस्लाको बिक्री घटेको छ । चीनमा फेब्रुअरी महिनामा टेस्लाको संघई सहरमा रहेको विश्वको सबभन्दा ठूलो टेस्लाको कारखानाको उत्पादन ४९ प्रतिशतले घटेको छ ।

पहिले ट्विटर भनिने सामाजिक सञ्जाल एक्स पनि किनेका मस्कले ट्रम्पलाई चुनाव जिताउन २५ करोड डलरभन्दा बढी खर्च गरेका थिए । उनले एक्सलाई पनि ट्रम्पको समर्थनमा परिचालन गरे । मस्कको गुन तिर्न ट्रम्पले उनलाई डोज प्रमुखमा नियुक्त गरेका हुन् ।

# मनोरोगी प्राध्यापक र सुकेनाशी संविधानबीच अन्तरसम्वाद



✍ **प्रा. पदमलाल देवकोटा**
*(पूर्व उपकुलपति, म.प. वि.वि. सुर्खेत ।)*

गुरुदेव ! गुरुदेव !! गुरुदेव !!!

को हो ? म तपाइको सिराननेर दराजमा राखेको नेपालको संविधान २०७२ हुँ ।

यति राती १२ बजे किन मलाई जगाएको नानी ?

गुरु! नेपालका ठूला ठूला राजनीतिक कुराहरु र घटनाहरुको शुभसाइत मध्यरातमा नै निस्कने भएकोले मैले हजुरलाई ब्युझाएको हो । दुःख नमान्नु होला । लौ! भन, मसँग तिमे के काम छ? म त गुरुवर, हेर्नुहोस्, साह्रै बिरामी भएँ । संविधान नानी, तिमी कहाँ बस्छौं? बस्न त मलाई बालुवाटारमा राखिएको छ तर त्यो मेरो स्थायी घर होइन, अस्थायी डेरा जस्तै हो । डेरा भएर के गर्नु, घरपट्टिहरु छिटो छिटो बदलिरहन्छन् । कहिले एकल, कहिले जुम्ल्याहा, कहिले तिम्ल्याहा र अहिले त झन् चम्ल्याहा छन् । यि घरवेटीहरुले मलाई दिनसम्म दुःख दिएका छन् -कचकच गरिरहन्छन् । कसैले समाजवादी, कसैले मार्क्सवादी-लेलिनवादी, कसैले राजावादी, अर्कोले माओवादी र दक्षिणतिरकोले मधेशवादी बन् भन्छन् । फेरी केहिले छुट र फुटको पछाडी लाग भनेर हैरान र लखतरान पारिरहेका छन् । लाजै नमानेर मुख खोल्छन् ।

नानी ! हाल मात्र मिति २०७२ मा जन्म्यौं, सानै रहिछ्यौ, जे होस् तिम्रो रेखदेख गर्ने धेरै रहेछन् । मलाई पनि तिमि एक अभिभावक ठान । म त्रिविवि चिकित्साशास्त्र अध्ययन संस्थानको स्वास्थ्य विकास परियोजनाको संयोजक भएर काम गरेको हुँ । तिम्री हजुरआमा जन्मदा म पनि प्रजातन्त्रको आन्दोलनमा त्यहि संस्थाबाट लागेको हुँ । पीर नगर ! त्यहाँ मैले चिनेजानेका डाक्टरहरु छन् । तिनीसँग लगेर तिम्रो रोगको राम्ररी उपचार गराउँन लगाइदिउँला । मसँग उपचार गराउन जान्छौं नानी ! मैया !!

होइन गुरुदेव, मलाई मेरी आमा भारतमा छदै म गर्भमा रहदा सुकेनास लागेको हो, अहिलेसम्म छोडेको छैन । मेरो दिनप्रतिदिन स्वास्थ्य नाजुक अवस्थामा पुगिसक्यो । गुरु ! मेरो यो रोग नेपालका कुनै अस्पतालका कुनै डाक्टरले सञ्चो पार्न सक्दैनन् । यो रोगको नाम नेपालीलाई लाग्ने "भारतीय सुकेनास" हो । यसको उपचार भारतको एउटा अस्पतालमा मात्र हुन्छ, त्यो अस्पतालको नाम हो-अल इन्डिया रेडिकल इन्स्टिच्युट ।

नानी! यो अस्पतालको नाम त मैले आज मात्रै सुने । गुरु यो अस्पतालको सबैले बुझ्ने नाम दिल्लीमा रहेको साउथ ब्लक हो । त्यहाँ मात्र मलाई लागेका रोगको उपचार सम्भव छ, अन्त कतै हुनै सक्दैन । यसले नेपालका लागि गर्वदान गर्छ, बच्चाबच्ची जन्माइदिन्छ, खानपिन गरी हुर्काइदिन्छ र उसले भनेको नमाने सुकेनास रोग लगाइदिन्छ । नेपालीलाई भारतीय लाहुरे बनाएर सर्वनास गर्न लगाउँछ । नानी ! मेरो त्यो अस्पतालसम्म पहुँच छैन, तिमे उपचारको प्रबन्धको लागि प्रचण्ड काकासँग सम्पर्क गर्यौं भने तिमीलाई केही सहयोग गर्न सक्छन् कि? उहाँको माओवाद भारतमा नै जन्मे हुर्केको नाताले तिमि उनीहरुको छोरीवहिनी पर्छौ होला । अवश्य तिमिले प्रचण्ड काकाको शरणमा जाउँ । उनी भारतका नेपाली लाहुरे हुन् । गुरुदेव, म तपाइलाई एउटा अति गोप्य कुरो बताउन चाहान्छु । मेरी हजुरआमा भारतमा नै माओवादी जस्तै जन्म लिन चाहान्थिन् तर भारतीय नेताहरुले उनलाई माया गरेर अवैध सन्तान भनेर नेपालकी छोरीको अपमान होला भनी गिरीजा बाबु, मनमोहन अधिकारी र गणेशमान सिंहको जिम्मा लगाएर नै मेरो हजुरआमाको जन्म भयो । त्यसपछि मेरो आमाको जन्म र पछि आएर वि.सं. २०७२ सालमा मेरो जन्म भएको हो । मेरो हजुरआमाको जन्म हुँदा यो वैध सन्तान हो कि होइन भनेर प्रश्न उठाउने मेरो प्यारो काका मदन भण्डारीको हत्या गरियो । मेरो आमाको जन्म दिने राजा बीरेन्द्रको पनि बंश हत्या भयो । अहिले म जम्मा नौ वर्षको नावालिक छु । मलाई मेरा सबै अभिभावकसँग डर मात्र लागिरहेको छ ।

मेरो हजुरआमाका हितैषी नेताहरुको एक झुण्ड काठमाडौंमा गणेशमान सिंहको चाक्सिवारीमा आएर धम्कि दिँदै राजगद्दिबाट राजा हटाइयो । यसबाट हिन्दु राष्ट्रको आधारशिला ध्वस्त पारियो । अनि भारतमा जस्तै अंग्रेजहरुले अगाडि अगाडि तोप र पछाडी पछाडी पोप निम्त्याए । त्यसैगरी नेपालमा पनि माओवादीहरुको राइफल सँगसँगै बाइबल पनि भित्रियो । आज नेपालको टोल टोल चर्च मण्डलीमय भएको छ । देश बेधर्ममय भएको छ । भारत आजसम्म पनि आफुलाई "हिन्दुस्तान" भन्दैछ तर मेरी बज्यैको पालामा राजा हटेपछि हिन्दु राष्ट्र हटाएर धर्म निरपेक्ष राष्ट्र घोशित गरियो । मेरी हजुरआमाले सपनामा गिरिजा बाबु, मनमोहन अधिकारी र प्रचण्डसँग संवाद गर्दा मेरी हजुरआमालाई हप्काई दप्काई गरियो र गिरिजा बाबुले भन्नुभयो "तिमी धेरै बाठी नहोउ, धेरै बाठो हुन खोज्यौ भने तिम्रो गर्भाधारण जहाँ भएको हो त्यहिँ पुरयाईदिउला" । गुरु ! मेरी हजुरआमा डरले चुप लागेर बस्न बाध्य भइन् । मेरी आमाको पालामा पनि उहाँलाई १२ बुँदे शान्ति सम्झौताको पासोमा पारियो, राष्ट्रियताको नाममा देशमा अन्तरराष्ट्रियता बढ्यो । राष्ट्रको मानमर्दन गरियो । यि सबै माथिका आमाले सुनाएका अनुभव आत्मसाथ गर्दै मलाई चित्त बुझेपनि नबुझेपनि नेताहरुले जे भने पनि सहेर बसेको छु । यहि कारणले पनि मलाई सुकेनास रोगले मेरो ढुकढुकी मात्र बाँकी छ । यस्तो अवस्थामा देश र जनताको हीतको लागि चुप लाग्नु नै उचित ठानी अर्को बहिनिको छिटो जन्म हुने अभिलासा बोकेर मर्ने दिन गन्दै बसिरहेको छु । गुरुदेव, मलाई प्रेसरको पनि विरामी छ, मेरो प्रेसर नेपालको प्रजातान्त्रिक इतिहास पढ्दा झन झन् बढ्छ । गुरु ! मेरो हजुरआमा र आमाले दुःख झेल्नुपर्यो । तीनजना त श्रीमति नभएको राँडा मालिक । एकजना बुढा बाजे त डेरीको दुध खान समेत पल्केका थिए । मेरी आमाले एकजनाको बोली नै नबुझिने र अर्को एकजनाको बोल्दा हिन्दी लवज निस्किने रामनगरे नेपाली बाबुसँग कसरी गुजारा गर्नुभयो होला आफै सोच्नुहोस् त ! मेरी आमा भारतीय लाहुरेहरुले चलाएको सरकारमा थरथर कापेर पनि सेवा चाकरी गरिरहिन् । १७ हजारभन्दा बढी नेपालीको सोत्तर बनाएर सरकारमा बसेकाहरुले धर्म, अर्थ, काम र मोक्षमाथि लुट गरे, कुट गरे र भुट गरे । अहिले म पनि गतिलाको हातमा परेको छैन । कसैको बोली नै नबुझिने, कोही बोलेको बोल्यै गर्ने, धर्मप्रसादको टाउको कटुवाको कब्जामा थुरथुर काप्दै सेवा चाकरी गरिरहेको छु । मेरो जीवन नर्कमा बसेसरहने छ । मबाट आम मानिसको रक्षा र उन्नती हुनै सक्दैन । नानी संविधान, खसानकै एउटा बुहारीको बच्चो, साह्रै होनहार छ । जसको नाम र जात दुबै पूर्वराजासँग मिल्छ । तर यो केटोले रामे गुरु पुरोहित देववर्मा जोईसी जस्ताको खाँचो छ । खस साम्राज्यको सम्राट हुनुपर्ने मानिस पूर्वराजाको चपरासी भएर हिँडेको छ । सायद यिनी नागराज, पुण्य पाल र बलिराजका सन्तानको हाँगो होइनन् कि क्या हो? यिनको चालमाल हेर्दा झर्रा खस ठकुरी नभएको जस्तो लाग्यो । गुरुदेव ! यो पत्ता लगाएर मलाई पनि जानकारी गराउनुहोस् है । गुरुवर! तपाइलाई थाहा छ नेपालमा सबै राजखलकका मानिसहरु बस्छन् । थारु, किराँत, ठकुरी, छन्त्याल, मगर, गुरुङ्ग, नेवार, चौधरी (खान), राजवंशी, कोचे, मेचे, कर्णाटक बंशी, जाड र भोटे, यिनका पूर्खा सबै राजा थिए । यिनको आफ्नै राज्य थियो । तर मेरो हजुरआमाको पालामा यिनीहरु सबैलाई आदिवासी जनजाती भनी घोशित गरियो । यिनको जल्दोबल्दो इतिहासलाई ओझेलमा पार्दै "स्त्रीलिङ्गी" जनजाती नाम दिइयो । यो उनीहरुको गौरवमय इतिहास प्रतिको उपहास हो, मानमर्दन हो । मेरी हनुरआमा र आमाले यो कुराको बिरोध गर्दा प्रतिगमनतिर फर्किन खोज्ने भनेर बेस्सरी हप्काए दप्काए ।

गुरुदेव ! ब्राह्मण नेपालमा यस्तो जात हो जो खेती नगर्ने र हलो समेत जोत्दैनथे । शिक्षादिक्षा दिने र पूजा अर्चना कार्यमा अग्रसर जाति हो । नेपालको कुनै पनि संविधानमा उनीहरुको व्यवस्था भएको छैन । मैले यो कुरा स्वप्नामा कृष्ण सिटौलासँग गर्दा उहाले चुप लाग केटी ज्यादा जान्ने नहौ भनेर हप्काउनुभयो । उहाँले आखिर बाहुन बाहेक नेपालमा प्रधानमन्त्री हुने बहुदलिय व्यवस्थामा अर्को कुनै जात छैन । माओवादी जस्तो क्रान्तिकारी पार्टीमा त बाहुन बाहेक अरु प्रधानमन्त्री हुनै सकेनन् । मैले यसो आमाले भनेको सम्झे, गणेशमान सिंहलाई राजाले प्रधानमन्त्री दिँदा पनि बाहुनहरुले फकाइफुल्याई गरी कृष्णप्साद भट्टराईलाई प्रधानमन्त्री बनाइहाले । लाटा नेवारहरु-मल्ल राजाका सन्तान रे । के भन्नु गुरुदेव, जनजातीहरुले आफ्नो कुलको मुल नै बिर्सिसके । राज्यले लगाइदिएको ट्यागको आधारमा परनिर्भर हुन थाले । जनजातीहरुको हालको अवस्था देख्दा मेरो मन भतभती पोलेर आउँछ । युरोपियन यूनियन र आइएलओले यिनीहरुलाई निरिह मानिसहरुको भिड भनी पहिचान दिएको छ । त्यसैमा सबै जाती रमाएका छन्, भुलिएका छन् । टाठा बाठाले डलर खाएका छन्, पद पाएका छन्, बाँकी निरिह र निसहयोग जीवन विताएका छन् । केही जातीको जातीय पहिचान गाभिएको छ । थारु र चौधरी एकै हुन् भनेर सबैलाई थारु भनिन्छ । थारबाट आएका राना थाचरुहरु मात्र हुन्, बङ्गालबाट आएका खान चौधरी हुन् ।

नानी संविधान! म खसान क्षेत्रको महाराजाहरुको गुरुपुरोहित खलकको मानिस हुँ । यस वर्षको "कुडा कर्णाली" को प्रबचन कार्यक्रममा एकजना बलिराजको सन्तान सिंह हुनुपर्ने बिरालो र मुसा भएर प्रस्तुत् हुनुभयो । आफ्नो मुख्यमन्त्रीमा पालो आएको तर हुन नपाएको गुनासो गरेर र यो गुनासो आफ्ना सुरक्षा अङ्गका खड्क धारण गर्ने खड्का र हलिया चरुवा (तल्लो तहका क्षत्री) समक्ष मुख्य मन्त्री देउवा ! देउवा ! भनी रुन्चे स्वरमा कराएको सुने । मेरो मनमनमा लाग्यो मेरो राजकुमारलाई सिंहबाट स्याल र स्यालबाट मुसाा बन्न केको रहर लागेको होला । मेरो राजकुमारलाई आफ्नो गौरवमय इतिहास थाहा छैन कि क्या हो? बलिराजलाई राजा जक्ति सिंहले "तिमी जुम्लाको चिसो पानी खान्छौ" भनेर सोध्दा खान्छु भने । जक्ति सिंहले जुम्ला राज्य बलिराजलाई दान दिन ओज्दा बलिराजले विन्ति गरे, "महाराज म त ठकुरीको छोरा हुँ, राज्य भए पनि मैले त दान लिनै मिल्दैन।" पछि सो राज्य राजा जक्ति सिंहले यो लेखकको पुर्खा देव बर्मा जोइसीलाई दानमा दिए देव बर्माले जुम्लाको माटो समाती बलिराजको राज्याभिशेक गरिदिए र बलिराज जुम्लाका जुम्लेश्वर भए । मेरो राजकुमारको रोदनले मेरो मुटु पोल्यो र चित्त दुख्यो । नानी संविधान ! बलिराजका सन्तान शोभान शाही सिँजा लामाथडामा २२ हजार झलारा शैनिक जम्मा गरी गोर्खाली शैन्यसँग दुई वर्षसम्म डटेर लडिरहे । अन्त्यमा उनी ल्हासामा शरण लिन भोटतर्फ लागे । उनको मृत्यु भोट खण्डकै इलाकाभित्र खोजरनाथदेखि माथितिरको ठाउँमा भयो । उनको राष्ट्रभक्तिको सम्मान गर्दै उनका सुवेक्षुकहरुले उनको लासलाई सुन पगाली जलाए । राजा पोलिएको ढुङ्गामा अहिले पनि सुनको जलप छदैछ भन्ने सिँजा उपत्यकातिर किंवदन्ति छ ।

फेरी वि.सं. १८४३ तिर गोर्खाली सेनाले जुम्ला छिनासिम (सुनार गाउँ, सुवर्ण ग्राम) मा आक्रमण्ण गरी जुम्ली राजा (कल्याल) सूर्यभान शाहीलाई पक्राउ गरी काठमाडौं लगी राजबन्दि बनाइयो । उनको त्यहीँ मृत्यु भयो । उनका सन्तानहरु भागेर दाङ्ग देउखुरीतिर लागे । मुख्यमन्त्री पाएन भनेर रोदन गर्ने माथि उल्लेख गरिएका कुन चाँहि महाराजाका सन्तान हुन् पत्ता लगाउँन अझैं बाँकि छ । गुरुवर ! मलाई एउटा अत्यन्तै दुख लागेको कुरा के छ भने मेरी हजुरआमालाई कहिले सूर्यबहादुर थापासँग साकेला नाच र कहिले लोकेन्द्रबहादुर चन्दसँग देउडा गाउन लगाइयो । नाच्दा मादले कमल थापालाई चुनियो । कहिले मेरो आमालाई ब्याइते काँग्रेसबाट ल्याइते एमाले हुँदै अन्त्यमा भारतीय लाहुरेसँग भागेर जान पर्ने बनाइयो, मेरो यो सबै अवस्था बनाउनमा गिरिजा बाबु, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी, माधवकुमार नेपाल र महन्त ठाकुरको हात छ । यस्तो घटना घटाउनमा प्रचण्डको पनि प्रबल भूमिका रहेको छ । म पनि आजसम्म यिनैको पञ्जाबाट उम्किन सकेको छैन । म यिनीहरुकै कैदि बन्दि भएर दासी जीवन विताइरहेकी छु । मबाट अव आम मानिसको मुक्ति हुन सक्दैन । "म घर न घाटको भएर बसेकी छु" गुरु । गुरु, हालसालै मैले एउटा खवर पनि सुनेको छु, भारतीय एक साम्यवादी नेता योगेन्द्र शर्माले भारतका मोदी हजुरबाले हिन्दु राष्ट्र र राजसंस्था फर्काउन तानाबाना बुन्दैछन् । योगी आदित्यनाथले गोरखनाथ मन्दिरमा पूजाआजा गर्दैछन् रे । नेपालको सेना प्रमुखले सेना सरकारको नभएर जनताको हो भनिरहेका छन् । गुरुदेव अव मलाई फेरी राजदरवारमा लगेर बन्धक बनाएर बलात्कार त गरिदैन? नानी संविधान, चिन्ता नगर, बहुदल भनेकै जस्को

▶ बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — कार्यक्षेत्रमा श्रमको उचित मूल्यांकन नमिल्ला । नोकरी वा पेशामा अनुभवी व्यक्तिहरूको सल्लाहलाई मान्नुहोस् सफलता मिल्नेछ ।

**वृष** — कार्यक्षेत्रमा आत्मविश्वासमा वृद्धि हुनेछ । घरपरिवारमा आफूभन्दा सानाको साथ र सहयोग मिल्ला । युवाहरूलाई करियरमा नयाँ अवसर मिल्नेछ ।

**मिथुन** — व्यापार व्यवसायमा आफन्तहरू को साथ मिल्नेछ । कार्य विस्तारको सम्भावनामा बल मिल्नेछ । कार्यक्षेत्रमा मानसम्मान बढ्नेछ ।

**कर्कट** — कार्यक्षेत्रमा प्रतिष्ठित व्यक्तिको साथ र सहयोग मिल्नेछ । नयाँ कार्यको थालीको लागि समय उपयुक्त रहेको छ ।

**सिंह** — वैदेशिक यात्रालाई लिएर गरिएको संघर्षमा सफलता मिल्नेछ । यात्रा गर्दा आफ्नो सामानको जिम्मेवारी स्वयं राखौं ।

**कन्या** — व्यपार व्यवसायमा मनग्य लाभ मिल्नेछ । कार्यक्षेत्रमा अँटेको काम सम्पादन गर्न सकिएला । विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ ।

**तुला** — कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ । नयाँ नोकरीमा सफलता मिल्नेछ । साहसिक कार्य गरेर आफूलाई चिनाउने मौका रहेको छ ।

**वृश्चिक** — कार्यक्षेत्रमा नयाँ सम्पर्क पदोन्नतिमा सहायक हुनेछ । धर्मकर्ममा आस्था बढ्नेछ । विद्यार्थी हरूलाई उच्च शिक्षालाई लिएर अनुभवी व्यक्ति को साथ र सहयोग मिल्ला ।

**धनु** — कार्यक्षेत्रमा जोखिम युक्त निर्णय नलिनुहोला । व्यापार व्यवसायमा पारदर्शिता राख्नुहोस् । वैदेशिक रोजगारमा सफलता मिल्नेछ ।

**मकर** — साझेदारी व्यापारबाट लाभ मिल्नेछ । पारिवारिक झगडाले मनमा असन्तोषको भावना रहनेछ । कार्यक्षेत्रमा नयाँ तकनीकको प्रयोगले मनग्य लाभ

**कुम्भ** — नयाँ अवसरहरूलाई पछ्याउन नसक्दा व्यवहारमा पछाडि रहनुपर्ला सचेत रहनुहोस् । कार्यक्षेत्रमा गोपनीयता भंग हुन सक्छ ।

**मीन** — स्वरोजगारको लागि विदेश तिर ताक्नेहरूलाई नयाँ अवसर हात लाग्ला । कृषि वा पशुधनमा क्षय हुने सम्भावना रहेको छ ।

# चित्र कोर्न रमाइरहेका विष्णुदत्त र राजेन्द्र

**गोल्डेन बुढा**

**जुम्ला, २७ फागुन ।** जुम्लाको तातोपानी गाउँपालिका-६ धौलापानी गाउँका विष्णुदत्त न्यौपाने अहिले होर्डिङ बोर्ड, साइनबोर्ड, टेवुलप्लेट, नेमप्लेट र भेत्ते लेख्न कार्य व्यस्त देखिन्छन् । सरकारी तथा गैरसरकारी कार्यालयका ब्यानर लेख्न र उपभोक्ता समितिका होर्डिङ बोर्ड, साइनबोर्ड लेख्नु विष्णुदत्तको व्यस्त दिनचर्या बनेको छ ।



अझै निर्वाचनको बेला न्यौपानेलाई रातदिन झण्डा, ब्यानर र चुनाव चिन्ह बनाउन भ्याईनभ्याई हुन्छ । उनीसँग कर्णाली पर्यटकीय सम्भावना बोकेका कलकल बग्ने नदी, तालतलैया, प्राकृतिक सुन्दरताले भरिएको कर्णालीको चित्र जस्ताको तस्तै उतार्ने सीप छ ।

केही वर्ष न्यौपानेले जुम्लाको तातोपानी गाउँपालिका-४ मा अवस्थित प्रमुख पर्यटकीय गन्तव्य मानिएको गिडीदहको चित्र बनाए । अहिले हरेक मुख्य सडक र दोबाटोमा तीनै चित्र राखिएका छन् । कर्णालीमा पाइने जडीबुटी, भौगोलिक बनावट, रहनसहन, चालचलनदेखि जुम्ला र कर्णालीमा उत्पादन हुने रैथाने वस्तुको चित्र उनले बोर्ड तथा ब्यानरहरूमा लेखिरहेका हुन्छन् ।

विष्णुदत्तको लेखन सीपको तारिफ मात्रै होइन, एक सफल पेन्टरको पहिचान बनाएका छन् । सानै उमेरदेखि कापीमा रङरोगन गरेर पेन्ट गर्ने उनको बानी थियो । उनको राम्रो पेन्टर बन्ने धोको थियो । घरका पर्खाल, स्कुलका ब्ल्याकबोर्डदेखि खाली समथर स्थान देखिनेबित्तिकै उनी लेख्न थालिहाल्थे, चित्र कोर्न सुरु गरिहाल्थे । स्कुलका सर र म्याडम र घरका अभिभावक पनि पेन्टिङमै उनको भविष्य देखिएको भन्दै हौसाइरहेको सम्झिँदै अहिले उनी गदगद् छन् ।

जुम्लाको सदरमुकाम खलंगा बजारमै 'एसएनआर्ट' सञ्चालन गरी १६ वर्षदेखि चित्र कोर्ने ब्यानर, बोर्ड लेखेरै जीवनयापन गरिरहेका छन् । सानैदेखि चित्र कोर्ने, पेन्टिङ गर्न रूचि राख्ने विष्णुदत्तले अन्ततः कलालाई आफ्नो व्यवसायको रूपमा अघि बढाएको बताउँछन् ।

आफ्नो साथीको आर्ट एक वर्ष स्वयंसेवक काम गरी चित्र कोर्न सिकेका उनले अहिलेसम्म अनगिन्ती लेखन र तस्बिरह कोरिसके । त्यसको कुनै लेखाजोखा छैन । एक जुम्ला बजारमा साथीको आट्र्समा स्वयंसेवक भएर काम गरे । विस्तारै सीप सिकेपछि २०६५ सालदेखि व्यावसायिक रूपमा चित्र कोर्न तस्बिर लागे । त्योबेला ३४ वर्षका थिए विष्णुदत्त ।

अहिले उमेरले ५० वर्ष भए तर उनको लेखन र चित्रकला प्रतिको भोक, प्यासन, लगाव, समर्पण निकै उत्साहप्रद छ । जागिर पनि गर्न सक्ने प्रशस्त सुविधा, अवसर र क्षमता थियो । तर, जीवनमा कलाप्रतिको आशक्तिले त्यसबाट बाहिर जाने र सोच्ने कुरा उनका लागि गौण बन्यो । ऊर्जा र उत्साहका साथ निरन्तर सञ्चालनमा छ ।

तीन लाख रुपैयाँबाट व्यवसाय सुरू गरेका विष्णुदत्त लेखन कला व्यवसायबाटै कर्णाली प्रदेश राजधानी सुर्खेतमा १४ लाखको सम्पत्ति जोडेको बताए । उनले भने, 'जहिलेसम्म हातले कलम र मसी समात्न सक्छ, त्यसबेलासम्म यो व्यवसाय चल्नेछ, अरू जस्तो दुःख छैन, जतिबेला गरे पनि भयो, आफ्नै हिसाबले काम गर्न पाइन्छ, कसैको दबाब सहनु परेन, आनन्दै छ । अहिले वार्षिक १ लाख रुपैयाँ बढी आम्दानी भइरहेको छ ।'

उनले यही पेसाबाट खुसी साथ जीवन निर्वाह पनि बताए । 'पेसाबाटै दुई छोरी काठमाडौ अध्ययन गर्छन् । छोरा सदरमुकाममै निजी स्कुलमा पढ्छन् । दुई छोरी, एक छोरा र श्रीमतीसहित पाँच जनाको परिवार खुसी साथ जीवन निर्वाह भइरहेको छ ।'

काम गर्दा आनन्द छ, दुःख भए पनि झण्झट भए पनि काम गर्न मज्जा आउँछ, अरू पेसामा चासो पनि दिइएन, परिवार खुसी नै छ, सबै जना सन्तुष्टि भएको पनि उनले बताए । त्यस्तै अर्का जुम्लाको तातोपानी गाउँपालिका-७ सर्मी गाउँका ३२ वर्षका राजेन्द्र कुवँरको लेख्न कार्य चलिरहेको छ । पाँच वर्षदेखि सदरमुकाम खलंगामै होर्डिङ बोर्ड, साइनबोर्ड, भित्तेलेखन, ब्यानर, लेख्ने छापहरू बनाउने गर्छन् । 'जनता आर्ट' खोलेका छन् ।

'स्कुल पढ्दादेखि नै चित्रकलाप्रति रुचि राख्थें,' उनले भने, 'अहिले यसै पेसाबाट स्वरोजगार पनि बनेको छु ।' रोजगारीका लागि युवाहरू विदेश गइरहेका बेला उनी भने गाउँघरमै आफ्नो रुचिको काम गरेर राम्रो आम्दानी गरिरहेका छन् । 'सानैदेखि यो आट्र्समा रुचि थियो, ७ वर्षअघि जुम्लादेखि सुर्खेत झरे, बुद्ध आट्र्समा १४ महिनासम्म प्रतिमहिना दुई हजार पाँच रुपैयाँ तिरेर तालिम सिके,' कुवँरले भने, '१२ कक्षा पढ्दै स्कुल छाडेर यही पेसामा लागें ।'

दिनभरी काम गरेर त्यसैबाट घर परिवारको गुजारा चल्ने गरेको उनले सुनाए,' राजेन्द्र भन्छन्, ' खाडीको कमाइभन्दा यसमै राम्रो हुन्छ, बजारको कोटा भाडा खर्च, छोराछोरी पढाउने र सात जनाको परिवारको घर खर्च, लुगाफाटो गरी मासिक ३० देखि ४० हजारसम्म कमाउन सकिन्छ ।' बद्दो प्रविधिका कारण अलि कमाइ कम भइरहेको उनीहरू बताउँछन् । पहिले अत्यधिक रूपमा हुने भित्ते लेखन, ब्यानर, साइनबोर्ड लेखनहरू अहिले फ्लेक्स प्रिन्टले कम भएको बताउँछन् ।

## मनोरोगी...

जुठो भएपनि चोखो पार्ने एउटा भाँडो हो । यो टेलिभिजनमा प्रचार गरिने प्याकेट र प्याकेटभित्र राखेको "धारा शुद्ध तोरीको तेल" भने जस्तै हो । नानी मुटु बलियो गर, मुटु बलियो गर, नेपालमा चलेको चलनअनुसार चल । "जताजता बाहुन बाजे उतै उतै स्वाहा, त्यसैमा तिम्रो कल्याण छ । बालिके संविधान ।"

संविधान नानी ! नेपालमा बहुदल आएको पनि झण्डै चार दशक भइसक्यो । नेताहरुले नया नया भास्य खडा गरेर मानिसहरुलाई वरिपरि भुलाएकै छन्, भुलाएकै छन् । नेता जनताको वरिपरि घुम्नुपर्नेमा जनतालाई नेताले वरिपरि घुमाइरहेका छन् । यो झुट्टा आश्वासनको बाँध एकदिन फुट्छ र सबै बगाएर लाने त उत्तर प्रदेश, बिहार, बङ्गालको खाडि र उत्तराञ्चलतिर नै हो, "हामी सबैलाई चेतना भया" ।

हे नानी, संविधान ! तिमी चिन्ता नलेउ, सबै नासिन देउ, सबै मासिन देउ, र पुनर्जन्म लेउ, र बिशाल खश सामज्यको निर्माण हुन देउ ।जसमा हालको नेपाल पनि यसैमा चिटिक्क परेकी सानिमा भएर समाहित होउन्। यहा नया नागराज, जितारी मल्ल, पुण्य मल्ल र सकुनमाला, धर्ममाला र दिपमाला जन्मनु आवश्यक छ जसले यो माटोको ऋण चुकाउन सकुन् । एउटा नागराजजस्तै दरिलो पैकेलो चाहिएको छ । नानी, यो देश हावाको भरमा चलेको छ । अर्थै नबुझी नारा बनाउँछन्, 'नारी' भन्ने नबुझी नारी दिवश, "महिला" भन्ने नबुझी महिला उन्मुक्ति, "स्त्री" भन्ने नबुझी स्त्री शक्ति, "लिङ्ग" भन्ने नबुझी लैङ्गिक समानता र लैङ्गिक हिंसा । आमालाई "आमा" शब्दको अर्थ नै थाहा छैन । अन्तर्राष्ट्रिय नारी दिवशको दिन मङ्गलगढीमा माथिका नाराहरु बोकेर हिड्ने दिदीबहिनीहरुसँग यो नाराको अर्थ सोध्दा कसैले पनि भन्न सकेनन् । यस्ता आधारभूत कुराहरुको जानकारी समेत नदिएर महिला दिदीबहिनीहरुको नाममा बर्षेनी अरवौं खर्च गरिएको छ । यो महिलाहरुको नाममा गरिएको झुट र लुट हो ।

गूरुवर, तपाई भाग्यमानी हुनुहुन्छ, तपाईलाई लेख्ने र बोल्ने छुट छ । म त के गर्नु भर्खर नौ वर्षको भएँ, जस्तो मालिक आयो त्यस्तै आकार लिनुपर्छ, त्यस्तै तयार पारिएको भाष्य शान्तिकारी, क्रान्तिकारी, भन्तिकारी र सामन्तिकारी वर्वराउनुपर्छ । मेरो सम्रचना कार्य र अर्थ दासताको जीवनमा बाँच्न बाध्य पारिएको छ । गुरुदेव ! मलाई यति ज्ञान दिनुभएकोमा म सधैभरी तपाइप्रति आभार प्रकट गरिरहने छु ।

धन्यवाद नानी मैले एउटा महत्वपूर्ण कुरो त भन्न नै बिर्सिएछु । यस वृहद खसान क्षेत्रको उन्नतीको लागि ठकुरीहरुलाई बाहुनहरुले ठूलो सहयोग पुर्याएका थिए । अहिले ठकुरीहरु बाहुनबिरोधी देखिएका छन् । खसान क्षेत्रका दुइटा लाल, एक लाल राजनीतिमा र अर्को लाल प्राज्ञिक नीतिमा । दुवै लाललाई रोक्ने र छेक्ने काम ठकुरीहरुले नै गरे । त्यही बाहुनको पाप लागेर त होला उनीहरु सम्राट हुनुपर्नेमा तल्लो तहका बाहुन र क्षेत्रीहरुका द्वारपाल हुन पुगेका छन् ।

अन्त्यमा, धेरै चिन्ता नगर संविधान नानी, अवको जमाना अनुसार चल । तिमी ठूलो भयौ भने पुण्य मल्लजस्तै खस केटो (पैकेलो) खोजेर बिबाह गरिदिउँला । तिमी शकुनमाला र शोभानमाला भएर बसौली। एउटा वृहद खश राज्यको निर्माण गरी हामि सबै हासिखुसि बसौला ।

नानी तिम्रो हजुरआमा, आमा र तिमीलाई फनफनी आफ्नो स्वार्थको लागि घुमाएको देख्दा मलाई राती निद लाग्दैन, दिनमा भोक लाग्नुको साटो वाकवाक लाग्छ । तिमीलाई त तिम्रो रोगको उपचार गर्ने ठाउँ त थाहा रहेछ मलाई त मेरो रोगको उपचार गर्ने ठाउँ नै थाहा छैन। म त यो घरको घरमान्छे हुनुभन्दा बनतिर पसेर "बनमान्छे" हुँ हुँ जस्तो लागिरहेछ ।

सत्येमेव जयते !! जय नागराज ! जय अशोक चल्ल !! जय विशाल खसान !!!

## राजेन्द्र...

गरे । अध्यक्ष लिङ्गदेनले आफुलाई ठुला भनि करार गर्ने दलहरुले नै देशलाई बर्बादीमा लगेको आरोप लगाए ।

'प्रजातन्त्र, गणतन्त्र, लोकतन्त्र जे भनेपनि २०४६ सालको राजनीतिक परिवर्तनपछिको ३५ वर्षमा देश कसले चलायो ? २०६१ साल माघ १९ गतेदेखि २०६३ साल बैशाख ११ गते अर्थात पुगनपुग डेढ वर्षको समयमा राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनबाहेक सबै समयमा देश कसले चलायो ?,'

लिङ्गदेनले भने, 'सुरुमा प्रजातन्त्र भन्थे अहिले गणतन्त्र जे भनेपनि त्यै कांग्रेस, त्यै एमाले, त्यै माओवादीकै हातमा देश घुमेको होइन ? अनि यो व्यवस्थाले सुधाऱ्यो त देश ?' ३५ वर्षमा नेपालभन्दा गरिव संसारका देशहरु धेरैमाथी पुगिसकेको उल्लेख गर्दै यस अवधिमा देश बवार्दीको दिशामा गएको जिम्मेवारी एमाले, कांग्रेस र माओवादीले जिम्मा लिने कि नलिने भन्दै लिङ्गदेनले प्रश्न गरे ।

राप्रपाले गणतन्त्रको विकल्प नभई लोकतन्त्र र राजतन्त्रलाईसँगै लैजान खोजेको दावी गर्दै अध्यक्ष लिङ्गदेनले तत्कालिन समयमा गणतन्त्रवादी भनिनेहरुले राजालाई छलेको आरोप लगाए । 'हिजो आफुलाई गणतन्त्रवादी भन्नेहरुले राजालाई छल गरेका थिए,' उनले भने, 'हिजो राजतन्त्र, हिन्दु राष्ट्र हटाउँदा जनमत संग्रह किन गरिएन ? जनतालाई यति ठुलो विषयमा निर्णय लिदा किन जनतालाई सोधिएन ?, हामी निषेधको राजनीति चाहदैनौ ।

हामी गणतन्त्रको नाममा लुटतन्त्र स्थापित हुन पनि दिदैनौ । आउनुहोस् हिजो र आजका राम्रा पक्षहरुलाई सँगै राखेर राप्रपाले स्थापित गर्न खोजेको व्यवस्थामा देशलाई अघि बढाऔं ।' पार्टीले थालेको खबरदारी अभियानले सरकार डराएर प्रतिशोत साध्न निषेधाज्ञाको नीतिमा अघि बढेको उल्लेख गर्दै अध्यक्ष लिङ्गदेनले नेपालमा राजसंस्था र हिन्दु राष्ट्र स्थापना गरि छाड्ने उद्घोषसमेत गरे । वर्तमान शासन व्यवस्थामा अभ्यास भइरहेको प्रणाली नफालेसम्म देशले मुहार कदापी फेर्न नसक्ने अध्यक्ष लिङ्गदेनले दावी गरे ।



### उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री सर्मिला सार्की धनी रहेको, दर्ता नम्बर ९४३७/०७८/०७९ बाट वीन. न.पा-२, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री अनमोल कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

### उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री पशु राम गौतम धनी रहेको, दर्ता नम्बर ४४५३/०७५/०७६ बाट वीन.न.पा-४, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री स्वस्तीका कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

### कोहलपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
योजना तथा अनुगमन उपशाखा

### प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८१/११/२८**

यस कार्यालयबाट प्रकाशित तपशिलमा उल्लेखित कार्यको लागि प्रस्ताब आव्हान गरिएकोमा निर्धारित समयभित्र यस कार्यालयमा रितपूर्वक पेश भएका प्रस्ताबहरु मध्ये निम्न प्रस्ताबदाताको प्रस्ताब सारभुत रुपमा प्रभावग्राही देखिएकाले प्रस्ताब स्वीकृतिको आशयको प्रयोजनको लागी सार्बजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ प्रयोजनार्थ सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो ७ (सात) दिने सूचना जारी गरिएको छ।

**तपशिल**

| प्रस्ताब नं. | कामको विवरण | प्रस्ताबदाताको नाम ठेगाना | कबोल अंक भ्याट सहित रु. |
|---|---|---|---|
| BANKE/KOMUN/ RFQ-01/2081/082 | Hiring a Firm for Skills Development Training in LL (Kohalpur Municipality) | World Link Technical Training Institute Pvt.Ltd., Kathmandu | 8,84,790.00 |

प्रमुख प्रशासकीय अधिकृत

### Gurans Rural Municipality
### Office of Rural Municipal Executive

Ranimatta, Dailekh
Karnali Province, Nepal

### Invitation for Electronic Bids

**(First Date of Publication : 2081/11/28)**

1. Gurans Rural Municipality invites bid for Supply, Delivery of Medicine for Gurans Rural Municipality, Dailekh. Bidding is open to all eligible Bidders.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Gurans Rural Municipality or may visit e-GP system: www.bolpatra.gov.np/egp .

| S. N. | Contract ID | Description of Items | Bid Security | Bid Document Form Fee (Non-Refundable) |
|---|---|---|---|---|
| 1. | GRM/GOODS/ NCB/1/081/082 | Supply and Delivery Of Construction Materials for Dobato to Chutreni Road Upgrading Works | NRs.58345.00 | NRs.3000.00 |
| 2. | GRM/GOODS/ SQ/03/081/082 | Supply and Delivery of Construction Materials For Jama Dhakena Hudai Banga Sichai Kulo Nirman Yojana Works | NRs.26835.00 | NRs.1000.00 |
| 3. | GRM/GOODS/ SQ/04/081/082 | Supply and Delivery Of Construction Materials for Bhiuchula Puliya Road Upgrading Works | NRs.42930.00 | NRs.1000.00 |
| 4. | GRM/GOODS/ SQ/05/081/082 | Supply and Delivery of Construction Materials For Raute Galchhina To Ward Office Road Improvement Works | NRs.28075.00 | NRs.1000.00 |

**Chief Administrative Officer**

### वीरेन्द्रनगर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश,नेपाल

### ठेक्का स्वीकृतीको आशयको सूचना

**(प्रकाशित मिति: २०८१।११।२८)**

यस कार्यालयबाट मिति २०८१।१०।१५ गते प्रकाशित वोलपत्र आव्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्रहरुको वोलपत्र मूल्यांकन समितिबाट तपसिल वमोजिम वोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूतरुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल:**

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर तथा पि.एस. समेत) |
|---|---|---|---|---|
| 01 | NCB/BM/W/ 081/082/49 | Bheri Ma Aryaghat Tatha Prtikshyalaya Nirman, Birendranagar 10, Surkhet | Ashish Construction, Latikoili 7, Surkhet | NPR. 1,01,19,003.04 |

**लक्ष्मी प्रसाद बास्कोटा**
**प्रमुख प्रशासकिय अधिकृत**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# कर्णाली डोल्पाका स्थानीय तहले काठमाडौंलाई तरकारीदेखि पस्मिना बेच्ने

**युग संवाददाता**
**सुर्खेत, २७ फागुन ।** डोल्पा जिल्लाको सेफोक्सुण्डो गाउँपालिका र छार्का ताङ्सोङ् गाउँपालिकाका जनप्रतिनिधिहरुले काठमाडौं महानगरपालिकासँग कृषि उत्पादनमार्फत सम्बन्ध राख्न उत्साहित रहेको बताएका छन् । उपप्रमुख सुनिता डंगोललाई भेटेर उनीहरुले महानगरपालिकाकाले कार्यान्वयनमा ल्याएको एग्रो पुलिङ् कार्यक्रमका विषयमा छलफल पनि गरे ।

उनीहरुले विभिन्न जातका जडिबुटी, फापरलगायत खाद्यान्न, सिमीलगायत गेडागुडी, आलुलगायत तरकारी, दूध, मासुलगायत पशुजन्य उत्पादन, ऊन, पशिमनालगायत लत्ताकपडा काठमाडौंलाई दिन सकिने बताए ।

यसबाट स्थानीयको आयमा वृद्धि बताउँदै डोल्पाबाट धेरैले धेरै लिएको तर थोरै दिएको बताउँदै महानगरपालिकाको कार्यक्रमबाट लिनेदिने बराबरी हुने बताए । छलफलमा छार्का ताङ्सोङ् गाउँपालिकाका अध्यक्ष सेनाङ् गुरुङ्, सेफोक्सुण्डो गाउँपालिकाका अध्यक्ष धावा सम्डुक गुरुङ्सहित वडाध्यक्षहरु, रोजगार संयोजक, स्वास्थ्यकर्मीसहितको टोली सहभागी थियो ।

डोल्पा जिल्ला विकासका दृष्टिले पछाडि परेको र महानगरपालिकाबाट यसको उन्नतिका लागि सहयोग प्राप्त हुने अपेक्षा राखेपछि उपप्रमुख डंगोलले एक पटक दिएको सहयोग दिगो नहुने बताउँदै महानगरपालिका वितरणमुखी सहयोगभन्दा सेवामूलक सम्बन्धबाट नागरिक तहमा लाभ पुग्ने गरी सहयोग गर्ने नीतिमा रहेको बताइन् ।

'एग्रो पुलिङ् हामीले कार्यान्वयनमा ल्याएको कार्यक्रम हो । यसबाट डोल्पाका नागरिकलाई आर्थिक लाभ हुन्छ । काठमाडौंका नागरिकले ताजा खाद्यान्न तथा तरकारी प्राप्त गर्नुहुनेछ,' उनले भनिन् । एग्रो पुलिङ् कार्यक्रममार्फत महानगरपालिकाले सबै स्थानीय तहसँग सहकार्य गर्न सक्ने भएकोले यही कार्यक्रममार्फत डोल्पाका स्थानीय तहसँग काठमाडौंले काम गर्न सक्ने निमित्त प्रमुख प्रशासकीय अधिकृत नुरनिधि न्यौपानेले बताए ।

छार्का ताङ्सोङ् गाउँपालिकाका अध्यक्ष गुरुङ्ले ठुलो भूगोल र पातलो बस्ती हुनु नै पालिकालाई विकास वितरण र व्यवस्थापनमा कठिन भएको धारणा भन्दै भने, 'आफ्नै ठाउँमा उद्यम गरेर बसाइसराइै रोक्न सके पनि ठुलै उपलब्धि हुने थियो । यस्ता कार्यक्रम चलाउन महानगरपालिकाबाट सहयोगको अपेक्षा गरेका छौं ।'

त्यस क्रममा सेफोक्सुण्डो गाउँपालिकाका उपाध्यक्ष गुरुङ्ले मानिसहरु गाउँमा नबस्ने भएपछि पालिकाको अस्तित्व बचाउनै कठिन भएको धारणा बताए । 'सेफोक्सुण्डो राष्ट्रिय निकुञ्जले आय गर्छ । तर यो आय संघ सरकार र निकुञ्जले नै लिन्छन् ।

## जग्गा...

पुसमा उक्त सडक निर्माणको काम सुरु नभए कानुनी प्रक्रिया थाल्ने प्रदेश सरकारको चेतावनीपछि अनक जयदेवीले फिल्डस्तरमा काम सुरु गरेको शाहीले बताए । ५ साउन २०७९ मा दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी बड्डीचौर-खम्बागाडे सडकको पहिलोखण्ड बराहताल गाउँपालिका- ५ स्थित बड्डीचौरमा डोजर चलाएर निर्माण व्यवसायी एवं संघीय सांसद दिक्पालकुमार शाहीले स्तरोन्नतिको जिम्मा लिएका थिए ।

राष्ट्रिय प्राथमिकता प्राप्त उक्त खण्डमा पर्ने १३.१ किलोमिटर सडक २०८१ असार मसान्तसम्म सम्पन्न गर्ने कार्यादेशसहित सांसद शाहीले जिम्मा लिएका थिए । शाही सांसदमा निर्वाचित भएपछि उक्त कम्पनी उनका छोराले सञ्चालन गर्दै आएका छन् । दुई वर्षभित्र सक्ने गरी कुल ४२ करोड ४७ लाख ६१ हजार रुपैयाँमा अनक जयदेवी र पूर्वाधार विकास निर्देशनालय सुर्खेतबीच १४ असार २०७९ मा सम्झौता भई काम अघि बढेको थियो । तर, निर्धारित समय सकिएको ६ महिनासम्म उक्त सडकले २१ प्रतिशत मात्रै भौतिक प्रगति गरेको छ ।

रुख कटान र जग्गा भोगाधिकारलाई देखाउँदै आएको निर्माण कम्पनीले पाएको थप एक वर्षमा पाँच महिना बित्दासमेत फिल्डमा काम अघि नबढेपछि प्रदेश सरकार एक्सनमा उत्रिएको थियो । विवाद नभएका ठाउँमा यथाशीघ्र काम नथाले कालो सूचीमा राख्ने प्रदेश सरकारको चेतावनीपछि निर्माण व्यवसायीले काम थालेको पूर्वाधार निर्देशनालयले जनाएको छ । ५० को दशकमा निर्माण गरिएको जीर्ण सडकमा सास्ती भोग्दै आएका पश्चिम सुर्खेतका नागरिकमा मदन भण्डारी राजमार्गले पूर्णता पाउने देखेपछि आशा पलाएको छ ।

पश्चिम सुर्खेत मात्रै होइन, समग्र सुर्खेत जिल्ला नै मदन भण्डारी राजमार्गका कारण मुहार फेर्ने सुरसारमा छ । यो राजमार्ग सुर्खेतका नौमध्ये ६ वटा स्थानीय तहको बीचभागबाट पूर्वपश्चिम लाग्छ । गुर्भाकोट, लेकबेँसी, वीरेन्द्रनगर र पञ्चपुरी नगरपालिका तथा बराहताल र चौकुने गाउँपालिकाको बीच भागबाट छिचोलिने यो सडकलाई नागरिकहरूले लाइफ लाइनका रूपमा बुझेका छन् । यो सडकले यी पालिकाको तीन लाख २२ हजार पाँच सय २१ जनसंख्यालाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा लाभ दिनेछ । सुर्खेत पूर्व र पश्चिम खण्डमा मदन भण्डारी राजमार्ग आयोजनाले ठेक्का व्यवस्थापन गरेर धमाधम काम अघि बढाएपछि स्थानीय उत्साहित बनिरहेका छन् ।

पश्चिम सुर्खेतका नागरिकले व्यवस्थित सडकमा यात्रा गर्ने धोको अहिलेको भने होइन । २०५१ सालमै पश्चिम सुर्खेतलाई सडक सञ्जालमा जोड्न ट्र्याक खोलिएको थियो । तर, भण्डै ३१ वर्षसम्म पनि यो सडकको स्तरोन्नति नहुँदा नागरिक ४ घण्टा लाग्ने बाटोमा दुई दिन लगाएर कष्टकर यात्रा गर्न बाध्य छन् । सरकारले मदन भण्डारी सडक नामकरण गरी धमाधम स्तरोन्नतिको काम अघि बढाएपछि यहाँका नागरिकमा आशाको सञ्चार भइरहेको छ ।

मदन भण्डारी राजमार्गअन्तर्गत सुर्खेत खण्डको कामले गति लिएसँगै बिस्तारै सडकक्षेउमा व्यवस्थित ठूला बस्ती विकास हुँदै गएका छन् भने स्थानीयहरू आर्थिक उपार्जनमा समेत जोडिँदै जान थालेका छन् । यसले यस क्षेत्रको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा टेवा पुग्ने अपेक्षा राखिएको सरोकारवालाहरू बताउँछन् । मदन भण्डारी राजमार्गको सुर्खेत खण्डको पूर्णतापछि कर्णालीका नागरिकलाई लुम्बिनी र सुदूरपश्चिम प्रदेश पुग्न छोटा मार्गहरूसँग पहुँच विस्तार गर्नेछ । हाल कर्णालीका नागरिकलाई लुम्बिनी र सुदूरपश्चिम पुग्न सुर्खेत-कोहलपुर सडक खण्ड प्रयोग गर्नुपर्ने हुन्छ ।

## गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### दाबि विरोध गर्ने सम्बन्धी सूचना

**मिति २०८१/११/२६ गते**

सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति २०७९ को दफा ५ को उपदफा (२) बमोजिमको सिफारिस समितिको निर्णयानुसार मिति २०८१/११/१३ गते प्रकाशित सूचना अनुसार वडा नं. ६ को वडा कार्यालय भवन निर्माणको लागि निशुल्क जग्गा दिन देहाय अनुसार परेका हुँदा निवेदन उपर कुनै दाबि विरोध भएमा प्रमाण सहित सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र दाबि विरोध सहितको निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पेश भएको आवदेन**
१. **निवेदकको नाम**: प्रताप सिं मगर (ना.प्र.नं. ३९२९) गुर्भाकोट ६. सुर्खेत ।
२. **जग्गाको विवरण**:- साविक कोटमाझखर्क ९य कित्ता नं. ३२४ क्षेत्रफल ४३२४.२९० मध्ये ८ मिटर सडक वाहेक ३-४-०-० रोपनी

**नि प्रमुख प्रशासकीय अधिकृत**

**अनुसुची-१५**
**(दफा ३३ को उप -दफा (२) सँग सम्बधिन्त)**

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/११/२८**

श्री त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.-६, सुर्खेतको सामुदायिक वन बाट २०८०/०८१ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा र ाखिएको ए ग्रेड साल जातको गोलिया काठ ४ थानको ८०.३२ क्यूफिट, बी ग्रेड साल जातको गोलीया काठ २ थानको ४७.९३ क्यूफिट, सी ग्रेड साल जातको गोलिया काठ १ थानको २३.३४ क्यूफिट साल जातको कुल ७ थानको १५१.५९ क्यूफिट काठ त्यसैगरी ए ग्रेड असना जातको गोलिया काठ ८ थानको १७२.८६ क्यूफिट गरी कुल असना जातको गोलिया काठ ८ थानको १७२.८६ क्यूफिट गरी विभिन्न जातको काठ गोलिया १५ थानको कुल ३२४.४५ क्यूफिट काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आत्_नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरि एको छ । इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस त्रिवेणी सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोर ाका सुचना यस श्री त्रिवेणी सामुदायिक वन उपभोक्ता समूहको कार्यालय बराहताल गा.पा.-६, सुर्खेत श्री बड्डीचौर सब-डिभिजन वन कार्यालय हुर्के सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा.-६, सुर्खेत ।**

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
SAMEL AGRICULTURE PVT.LTD. SURKHET 2075
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।
budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२


घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८

हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराइ, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

घर निर्माण कार्यको लागि सम्झनुहोस्
हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।

प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।
इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
Bhawani Auto Workshop BC Group Birendranagar-Surkhet
९८५८०५५६३९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA BYD Mahindra FORCE MOTORS ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing
हाम्रा सेवाहरु
✔ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
✔ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ्ग गरिन्छ ।
✔ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
✔ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
✔ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
✔ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।